**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मुले ग्रामीण क्षेत्रमा रोजगार एवं विकासका लागि 'विकसित भारत जी-राम-जी कानुन ' लागू गरिएको बताउनु भएको छ I**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशका युवाहरूले साहस र प्रतिबद्धतालाई 'राष्ट्र प्रथम' को सोचका साथ परिभाषित गरिरहेको बताउनुभएको छ।**

- **भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाह आगामी ३१ जनवरीमा सिलगुडीको भ्रमणमा आउनुहुनेछ ।**

- **पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यमा औद्योगिक विकासलाई बढावा दिने तर खेतीयोग्य जमिन कुनै पनि हालतमा प्रयोग नगरिने बताउनु भएको छ ।**

- **स्मल फुड कार्ट संस्था द्वारा पर्यटन नगरी मिरिक झील परिसरमा सफाई कार्यक्रम सम्पन्न I**

**राष्ट्रपति द्रौपदी मुर्मु - विकसित भारत जी-राम-जी कानून**

राष्ट्रपति द्रौपदी मुर्मुले ग्रामीण क्षेत्रमा रोजगार एवं विकासका लागि 'विकसित भारत जी-राम-जी कानुन ' लागू गरिएको बताउनु भएको छ I बजेट सत्रको पहिलो दिन संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति मुर्मुले भन्नुभयो, नयाँ कानूनले गाउँहरूमा १२५ दिनको रोजगारको गारंटी सुनिश्चित गरेको छ। भ्रष्टाचारलाई रोक्न यसले सहयोग पुर्याउने छ जसको लागी सरकार लामो समय देखि प्रयास गरिरहेको छ । राष्ट्रपति मुर्मुले अझ भन्नुभयो, यस योजनाले ग्रामीण विकासलाई नयाँ गति दिनेछ र कृषकहरू, पशुपालक र मछुवाहरूका लागि नयाँ सुविधाहरू सिर्जना गर्नेछ। राष्ट्रपति मुर्मुले भन्नुभयो - सरकारको निरन्तर प्रयासका कारण आज लगभग ९५ करोड भारतीयहरूले सामाजिक सुरक्षा योजनाहरूको लाभ पाउँदैछन्, जबकि, वर्ष २०१४ को शुरुवातमा केवल २५ करोड नागरिकहरूले यी योजनाहरूको लाभ लिइरहेका थिए। 'सबका साथ, सबका विकास'को दृष्टिकोणले देशका सबै नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याइरहेको राष्ट्रपति मुर्मुले बताउनु भयो।

**आगामी विधानसभा -केंद्रीय गृह मंत्री -सिलगडी**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाह आगामी ३१ जनवरीमा सिलगुडीको भ्रमणमा आउनुहुनेछ । भ्रमण कुनै सार्वजनिक भेला वा रोड शोका लागि नभई पार्टी संगठनलाई बलियो बनाउन एक विशेष बैठकका लागि हुनेछ । यो महत्वपूर्ण बैठक ३१ जनवरीमा दिउँसो ३ बजे बागडोगराको गोसाइँपुर एयरपोर्ट अथोरिटी मैदानमा बस्दैछ । बैठकको सम्पूर्ण जिम्मेवारी सिलगुडी संगठनात्मक जिल्ला भाजपा कमिटीलाई दिइएको छ । बैठकमा उत्तर बंगालका तीन प्रशासनिक जिल्ला र दुई संगठनात्मक जिल्लाका भाजपा कार्यकर्ताहरूले भाग लिनेछन ।बैठकमा दार्जिलिङ, सिलिगुडी, जलपाइगुढी, अलिपुरद्वार र कुचबिहारका सबै स्तरका कार्यकर्ताहरुको उपस्थिति हुने बताइएको छ । भाजपा सुत्र अनुसार बुथ अध्यक्ष देखि जिल्ला कमिटीका सदस्यसम्म सबै पदाधिकारी र सक्रिय कार्यकर्तालाई बैठकमा बोलाइएको छ । यस बैठकमार्फत पार्टी नेतृत्वको ध्यान निष्क्रिय नेता र कार्यकर्तालाई पुनः सक्रिय बनाउनमा केन्द्रित हुनेछ । यसका साथै संगठनको वर्तमान अवस्थाको विस्तृत समीक्षा गरिनेछ । केन्द्रीय

गृहमन्त्री अमित शाहले व्यक्तिगत रूपमा संगठनात्मक संरचनाको मूल्यांकन गर्नुहुनेछ अनि आगामी विधानसभा चुनावका लागि बुथ-स्तरीय चुनावी रणनीतिमा स्पष्ट निर्देश दिनुहुनेछ।

**प्रधानमन्त्री नरेन्द्र मोदी- समग्र स्वास्थ्य सेवा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज समग्र स्वास्थ्य सेवा प्रदान गर्न देशभरी लगभग १२ हजार आयुष स्वास्थ्य एवं कल्याण केन्द्रहरू स्थापना गरिएको बताउनु भएको छ। केरलाको आर्य वैद्यशाला च्यारिटेबल अस्पतालको शताब्दी समारोहलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुहुदै श्री मोदीले कल्याणमा आयुर्वेदको योगदान र भूमिकाको प्रशंसा गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले यो वैद्य अस्पतालले आफ्नो स्थापनाकालदेखि नै मानिसहरूलाई अथक रूपहरुको उपचार प्रदान गर्दै आएको बताउनु भएको छ। आयुर्वेदमा लामो समयदेखि उपचारको पद्धतिमाथि जोड दिनुहुदै श्री मोदीले भन्नुभयो, यसले पुस्तौंदेखि मानिसहरूलाई उपचार गर्दै आएको छ र सधैं उपयोगी हुँदै आएको छ। भारत-युरोपीय मुक्त ब्यापार सम्झौतालाई ऐतिहासिक बताउँनु हुदै श्री मोदीले भन्नुभयो, यस व्यापार सम्झौताले भारतीय परम्परागत चिकित्सा सेवाहरू र व्यवसायीहरूलाई बढावा दिनेछ। यो सम्झौताले देशमा आयुर्वेद र योगसँग सम्बन्धित युवाहरुलाई समेत सहयोग पुग्ने तथा सम्झौताले ईयु मा आयुष वेलनेस सेन्टर स्थापना गर्न सहयोग पुग्ने बताउनु भएको छ ।

**प्रधानमंत्री नरेंद्र मोदी एनसीसी पीएम रैली**

प्रधानमन्त्री नरेन्द्र मोदीले ,आज देशका युवाहरूले साहस र प्रतिबद्धतालाई 'राष्ट्र प्रथम' को सोचका साथ परिभाषित गरिरहेको बताउनुभएको छ। आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउण्डमा वार्षिक एनसीसी प्रधानमन्त्री रैलीलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो -, एनसीसी भारतका युवाहरूलाई आत्मविश्वासी, अनुशासित र राष्ट्रप्रति समर्पित बनाउने आन्दोलन हो। उहाँले भन्नुभयो, आज विश्वले भारतका युवाहरूलाई धेरै विश्वासका साथ हेर्छ र यो उनीहरूको कौशल र संस्कृतिको कारण हो। देशभरिका क्याडेट र अधिकारीहरूलाई बधाई दिनुहुदै श्री मोदीले भन्नुभयो, विगत केही वर्षहरूमा सीमा र तटीय क्षेत्रहरूको बढ्दो सहभागिताका साथ एनसीसीको संख्या १४ लाखबाट बढेर २० लाख भन्दा अधिक पुगेको छ। प्रधानमन्त्री श्री मोदीले यस वर्ष छात्रा क्याडेटहरुको सहभागितामा उल्लेख्य वृद्धि भएकामा खुशी व्यक्त गर्नुभयो ।

**लोकसभा राज्यसभा -श्रद्धांजलि**

आज लोकसभा र राज्यसभामा बङ्गलादेशकी पूर्व प्रधानमन्त्री खालिदा जिया र पाँच दिवंगत सांसदहरू शालिनी पाटिल, भानु प्रकाश मिर्धा, सत्येन्द्रनाथ ब्रह्म चौधरी, सुरेश कलमाडी र कबिन्द्र पुरकायस्थप्रति श्रद्धाञ्जलि अर्पण गरिएको छ। श्री अजित पवार दसौँ लोकसभाका सदस्य हुनुहुन्थ्यो। यी सबैलाई सम्मान स्वरूप सदनमा केही क्षणको मौन धारण पनि गरिएको थियो। बिहान राष्ट्रपति द्रौपदी मुर्मुको अभिभाषण पछि दुवै सदनको बैठक बसे लगत्तै लोकसभाका महासचिवले राष्ट्रपतिको अभिभाषणको प्रति सदनको पटलमा राख्नुभयो। त्यसपछि लोकसभा दिनभरीका लागि स्थगित भएको थियो। राष्ट्रपति मुर्मुको अभिभाषणपछि जब राज्यसभाको बैठक बस्यो सदनका महासचिवले राष्ट्रपतिको अभिभाषणको प्रति बैठकको पटलमा राखेका थिए। दुई दिवंगत सांसदहरू एल गणेशन र सुरेश कलमाडी तथा बंगलादेशका पूर्व प्रधानमन्त्री बेगम खालिदा जियाप्रति श्रद्धाञ्जलि अर्पण गरिएको थियो। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभयो , 'खालिदा जियाको बंगलादेशको विकास र भारत र बंगलादेशबीचको द्विपक्षीय सम्बन्धमा ठूलो योगदान रहेको छ। त्यसपछि राज्यसभाको बैठक पनि दिनभरीका लागि स्थगित गरिएको थियो।

**विज्ञान तथा प्रध्योगिकी राज्यमन्त्री**

**विज्ञान तथा प्रध्योगिकी राज्यमन्त्री डा जितेन्द्र सिंहले जलवायु परिवर्तनसँग विश्वनै मिलेर काम नगरेसम्म यसको समाधान नहुने बताउनु भएको छ । नयाँ दिल्लीमा टेक्नोलोजी एण्ड इनोभेसन कन्भ्लेभ २.० को उद्घाटन गर्ने क्रममा मन्त्रीले यस्तो मन्तब्य पोख्नु भएको हो उहाले अझ भन्नुभयो - कार्यक्रमको माध्यमबाट कृत्रिम बुद्धिमत्ताको प्रयोग गरेर जलवायु परिवर्तनका मुद्दाहरूको नयाँ समाधानमा काम भइरहेको छ। उहाले सम्मेलनमा श्रीलङ्का र**

**फिलिपिन्स जस्ता देशले भाग लिइरहेको मा खुशी व्यक्त गर्नुभयो। डा. सिंहले प्रत्यक्ष विज्ञान जस्ता क्षेत्रहरूमा कृत्रिम बुद्धिमत्ताको प्रयोगको पनि प्रशंसा गर्नुभयो अनि बर्ष 2070 सम्म नेट जिरोको लक्ष्य हासिल गर्ने देशको प्रतिबद्धतालाई दोहोर्याउनु भयो।**

**बीटिंग रिट्रिट**

७७औँ गणतन्त्र दिवस समारोहको समापनको अवसरमा बीटिंग रिट्रिट समारोह भोलि नयाँ दिल्लीको विजय चोकमा आयोजना हुनेछ। समारोहमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी लगायत अन्य केन्द्रीय मन्त्रीहरु उपस्थित रहनुहुनेछ।**कार्यक्रममा भारतीय सेना, नौसेना, वायु सेना र केन्द्रीय सशस्त्र पुलिस बलका ब्याण्डहरूले प्रदर्शन गर्नेछन्। यस वर्ष विजय चोकमा बस्ने ठाउँ भारतीय संगीत वाद्ययंत्रहरुको नाममा राखिएका छन्। यो भारतको समृद्ध सांस्कृतिक सम्पदाको प्रतिबिम्ब हो।**

**पश्चिम बंगाल - मुख्यमंत्री ममता बनर्जी - सिंगुर**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज सिंगुरमा आयोजित एक सरकारी र राजनीतिक कार्यक्रममा राज्यमा औद्योगिक विकासलाई बढावा दिने तर खेतीयोग्य जमिन कुनै पनि हालतमा प्रयोग नगरिने बताउनु भएको छ। मुख्यमन्त्रीले भन्नुभयो, रोजगार सृजन राज्य सरकारको प्राथमिकता हो र यसै उद्देश्यका साथ सिंगुरमा आठ एकड जमिनमा औद्योगिक पार्क विकास गरिएको छ। सभालाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता बनर्जीले सिंगुर भूमि आन्दोलनको पृष्ठभूमिको उल्लेख गर्नुहुदै कृषकहरूको भूमि बचाउन वर्षौंसम्म संघर्ष गरेकी बताउनु भयो। सन् २००६ को आन्दोलन र २६ दिने अनशनको स्मरण गर्नुहुदै उहाले– राज्य सरकार कृषक अनि स्थानीय जनताको हितको रक्षा गर्दै विकासको बाटोमा अघि बढ्ने बताउनु भएको छ।

**औद्योगिक उत्पादन सूचकांक - आई आई पी**

औद्योगिक उत्पादन सूचकांक आई.आई.पी को ताजा आकड़ा अनुसार, डिसम्बर २०२५ मा देशको औद्योगिक उत्पादनले गत वर्षको सोही अवधिको तुलनामा ७.८ प्रतिशतले वृद्धि दर्ज गरेको छ। यो दुई वर्षयताकै सर्वाधिक उच्च स्तर हो। नोभेम्बरमा ७.२ प्रतिशतको संशोधित दर पछि, दिसम्बरमा आई.आई.पीमा बढत जारी रह्यो।

**जलपाईगडी -बांग्लार बाड़ी योजना**

बाङ्गलार बारी योजनाको दोस्रो चरण अन्तर्गत लगभग ४ हजार २ सय ४१ लाभार्थीहरुले पक्की घर पाउने भएका छन्। आज जलापाईगडीको राजगञ्ज खण्ड बिकास कार्यालयमा आयोजित एक कार्यक्रममा लाभार्थीहरूलाई आर्थिक सहायताको दोस्रो चरणको पहिलो किस्ता प्रदान गरियो। कार्यक्रममा राजगन्जका विधायक खगेश्वर राय, राजगञ्ज पञ्चायत समितिका अध्यक्ष रुपाली डे सरकार, लगायत प्रशासनका अन्य अधिकारीहरू उपस्थित थिए। प्रशासनिक सुत्र अनुसार, कार्यक्रमको माध्यमबाट राजगञ्ज ब्लकको पानीकौरी र सुखानी ग्राम पञ्चायतका लाभार्थीहरूलाई बाङ्गलार बाड़ी योजनाको दोस्रो चरणको पहिलो किस्ताको रूपमा ६० हजार रुपियाँ को स्वीकृति पत्र दिइएको थियो। प्राप्त जानकारी अनुसार यो रकम आज साँझसम्म लाभार्थीहरुको बैंक खातामा जम्मा हुनेछ। पहिलो चरणको घर निर्माणको रकम पाएपछि लाभार्थीहरु खुशी भएका हुन्।

**भारतीय प्रौद्योगिकी संस्थान**

भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खडगपुरको कृषि र खाद्य अभियांत्रिकी विभाग ए.जी.एफ.ई को तत्वावधानमा ३० जनवरीदेखि १ फरवरी २०२६ सम्म "एग्री-एक्सपो 2026 : प्रौद्योगिकी एवं मशीनरी प्रदर्शनको आयोजना हुनेछ। कौशल विकास, आधुनिक तकनिकको विकास र कृषि क्षेत्रमा उद्यमशीलतालाई बढावा दिने उद्देश्यले सो कार्यक्रम आयोजना गर्न लागिएको हो। आइआइटी खडगपुरले आज विज्ञप्ति जारी गर्दै कार्यक्रमबारे जानकारी दिएको हो। यस कार्यक्रमले कृषक ग्रामीण युवा र कृषि उद्यमीहरूलाई आधुनिक तकनिकहरू बुझ्न र अपनाउन प्रभावकारी मंच प्रदान गर्नेछ। यस कार्यक्रममा पश्चिम बङ्गाल लगायत छिमेकी राज्यहरूका प्रगतिशील किसानहरू, ग्रामीण युवाहरू र कृषि उद्यमीहरूले भाग लिनेछन सहभागी हुनेछन्।

**भारत–नेपाल सीमा -हिरासत**

नेपाल–भारत सीमामा तैनाथ सशस्त्र सीमा बल (एसएसबी) को ४१ औं बटालियनले २२ लाख भन्दा धिक भारतीय रुपियाँ जफत गरेको छ। यस कारबाहीमा चार जनालाई हिरासतमा लिइएको छ। पानीट्यांकी बोर्डर इन्टेलिजेन्स टिमले हिज राति नियमित जाँचको क्रममा भारतबाट नेपाल आउँदै गरेको कारलाई रोकेर तलासी लिने क्रममा उक्त रुपियाँ उद्धार गरिएको एसएसबी सुत्रले बताएको छ।

**मिरिक झील -सफाई अभियान**

स्मल फुड कार्ट संस्था ले आज पर्यटन नगरी मिरिकको झील परिसरमा सफाई अभियान को आयोजना गर्यो । पर्यटकहरूको मुख्य आकर्षण केन्द्र मानिने यस क्षेत्रमा लामो समयदेखि झारपात र फोहोर–मैला जम्मा हुँदै गएकाले सफाई अभियान सञ्चालन गरिएको संस्थाका अध्यक्ष एटी राईले जानकारी दिनुभएको छ। राईले पर्यटक आवागमन बढी हुने स्थानलाई सफा र व्यवस्थित राख्नु सबैको साझा जिम्मेवारी भएको बताउनुहुदै यस किसिमका नियमित सफाई अभियानले मिरिक झील क्षेत्रको सौन्दर्य संरक्षणसँगै स्वच्छ पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

**मिरिक – पिडितहरुलाई सहयोग**

मिरिकमा आज पहिरोपीडितलाई मानवीय सहायता वितरण गरिएको छ। कारितास इन्डियाले अनुग्यालय जिल्ला अनुदान विकास कोषसँगको सहयोगमा मिरिकका विभिन्न क्षेत्रमा पहिरोबाट प्रभावित परिवारलाई चल्ला र सुँगुरका पाठाहरु वितरण गरेको छ । यस सहायताको उद्देश्य परिवारहरूलाई उनीहरूको जीविकोपार्जन पुनर्निर्माणमा सहयोग पुर्याउनु रहेको छ। वितरण समारोहमा पञ्चायत समिति कर्माध्यक्ष आदित्य प्रधान, ग्राम पंचायत सदस्य सोनिया तामाङ लगायत अन्य उपस्थित रहेका थिए ।

**बिजनबारी – उद्घाटन**

एक भव्य कार्यक्रमको साथमा रंगीत संघ अगमचोक बिजनबारीको नवनिर्मित भवन उद्घाटन ग्राम पन्चायत प्रधान पदमा सुब्बाको बाहुलीबाट गरियो। यसको साथमा नवनिर्मित भवनले स्थानीयवासीहरु आकक्षा समेत पुरा गरिने अपेक्षा गरिएको स्थानीय नागरिक हरुले बताएका छन् । उद्घाटन कार्यक्रममा समाजका सदस्यहरुको परिवारबाट उच्च शिक्षा हासिल गर्दै समाजनिर्माणमा लागि पर्दै समाजको नाम उच्च राख्ने 17 जना बिधार्थीहरु लाई सम्मानित् गरियो । कार्यक्रममा वरिष्ठ साहित्यकार मनप्रसाद सुब्बा प्रमुख अतिथिको रूपमा उपस्थिति हुनुहुन्थ्यो ।

****** ० ******